# उमेर २ महिना देखि ५ वर्ष सम्मका विरामी वच्चाको फाराम भर्ने निर्देशिका

- साल लेखेको ठाऊँमा साल (वर्ष) लेख्नु होस
- तल दिएका कोठाहरु प्रत्येक वच्चाको लागि एक एक वटा कोठा भर्नु पर्ने हुन्छ ।
- मिती भएको कोठामा शुरुमा गते त्यस पछि महिना र साल ले्ख्नु होस ।
- वच्चाको नाम र थर समेत खुल्ने गरि वच्चाको नाम र थर भएको कोठामा लेख्नु होस ।
- टोल भएको कोठामा विरामी वच्चाको घर कुन टोल मा हो । यो लेख्नु होस
- वच्चाको उमेर भएको कोठामा वच्चा २ महिना देखि १२ महिनाको भएमा पहिलो कोठामा र १ वर्ष देखि ५ वर्ष को भएमा दोस्रो कोठामा चिन्ह ✓ लगाउनु होस
- खतराको चिन्ह देखि स्वास्थ्य संस्था पठाउनु पर्ने अवस्था कोखा हानेको, सुस्त वा वेहोस, आमाको दुध झोलकूरा पिउन नसकेको, पखाला लागि जल बियोजन भएको, आउरगत तथा ज्वरो मध्ये कुनै पनि चिन्ह देखिएमा सो को कोठामा ठीक ✓ लगाउनु होस
- श्वास प्रश्वास विरामीको व्यवस्थापन अन्तर्गत का सांस दर गन्ती गरी पहिलो दिनको सांस दर गन्ती कोठामा सांस दर कति हो सो लेख्नु होस
- वच्चालाई कोट्रिम चक्की द्वारा उपचार गरिएका २ महिना देखि १२ महिनाका वच्चालाई कोट्रिम चक्की दिएको भए २ महिना देखि १२ महिनाको कोठामा ठिक ✓ चिन्ह लगाउनु होस
- त्यस्तै १वर्ष देखि ५ वर्ष वच्चालाई कोट्रिम दिएको छ भने १वर्ष देखि ५वर्षको कोठामा ठीक ✓ चिन्ह लगाउनु होस
- निमोनिया नभएको वच्चालाई घरेलु उपचार को सल्लाह दिएको भए सो को कोठामा ठीक ✓ चिन्ह लगाउनु होस
- तेस्रो दिनको उपचार तथा प्रेषणको फलोअप अन्तर्गत पहिला कोठामा तेस्रो दिन मा सांस दर गन्ती गरेको भए सांसदर लेख्नु होस
- उपचारवाट निको हुदै आएको भए दोस्रो दिन निको भएकोमा ठीक ✓ चिन्ह लगाउनु होस
- झन विरामी भएको भए वा तेस्रो दिनमा सांसदर नघटेको भएको तेस्रो कोठा झन विरामी भएकोमा ठीक ✓ चिन्ह लगाउनु होस
- पखाला को उपचार अन्तर्गत को पहिलो कोठामा पुर्नजलिय झोल वाट उपचार गरिएको भए सो कोठामा ठीक ✓ चिन्ह लगाउनु होस
- त्यस्तै घरेलु उपचार सहित पूर्नजलिय झोल तथा जिकं चक्की वाट उपचार गरेको भए दोस्रो कोठामा ठीक ✓ चिन्ह लगाउनु होस
- पूर्नजलिय झोल जिकं चक्की बिना घरेलु सल्लाह मात्र दिएको भए तेस्रो कोठामा ठीक ✓ चिन्ह लगाउनु होस
- ६ महिना देखि ५वर्ष सम्मका वच्चाहरुको पोषण को स्थिती जाँच -पाखुराको नाप गर्दा कडा कुपोषण वा पाखुराको नाप रातो भई प्रेसण गरेको भए पहिलो कोठा मा ठीक✓ चिन्ह लगाउनु होस
- पखुराको नाप पहेलो भई आमा लाई खाना वारे सल्लाह दिएको भए दोस्रो कोठामा ✓ चिन्ह लगाउनु होस
- नाप हरियो भई आमालाई खानावारे सल्लाह दिएको भए तेस्रो कोठामा ठीक✓ चिन्ह लगाउनु होस
- सवै खोप पूरा गरेको भए सवै खोप पूरा गरेको कोठामा ✓ चिन्ह लगाउनु होस
- सवै खोप पूरागर्न सल्लाह दिएको भए सवै खोप पूरा गर्न सल्लाह दिएको कोठामा ✓ चिन्ह लगाउनु होस

**जन्मे देखि २ महिना सम्मका शिशुहरुको जाँच तथा व्यवस्थापन**

- साल लेखिएको ठाउँमा साल (वर्ष) लेख्नु होस
- प्रत्येक विरामीको लागि एउटा कोठा भर्नु पर्ने हुन्छ
- मिती लेखिएको कोठामा गते, महिना, साल लेख्नु होस
- शिशुको नाम थर लेखिएको कोठामा शिशुको नाम तथा थर लेख्नु होस
- टोल लेखिएको कोठामा शिशुको घर कुन टोलमा हो लेख्नु होस
- शिशुको उमेर ०-२८ दिन सम्मको भए ०-२८ दिन लेखिएको कोठामा ठीक ✓ चिन्ह लगाउनु होस
- शिशुको उमेर २९ दिन देखि ५९ दिन सम्म भएको भए २९-५९ दिन कोठामा ✓ चिन्ह लगाउनु होस
- संक्रमणको जाँच ( खतरा को चिन्हहरु) - छिटो छिटो सांस फेरेको भए छिटो छिटो सांस फेरेको कोठामा कडा कोखा हानेको भए कडा कोखा हानेको कोठामा शिशु सुस्त वा बेहोस भएमा सुस्त वा बेहोस कोठामा, आमाको दुध खान नसकेको भए आमाको दुध खान नसकेको कोठामा, सिताङ्ग भएमा सिताङ्गको कोठामा ज्वरो आएको भए ज्वरोको कोठामा र नाइटो पाकेको वा छालामा फोकाहरु पाइएको भए नाइटो पाकेको कोठामा ठिक ✓ चिन्ह लगाउनुहोस ।
- संक्रमणको कुनै चिन्ह नपाइएको र घरेलु सल्लाह मात्र दिएको भए संक्रमणको कुनै चिन्ह नभएको कोठामा ठीक ✓ ठिक चिन्ह लगाउनुहोस
- जेन्टामाइसिन सुईको लागी प्रेषण गरेको शिशुको उमेर ०-२८ दिनसम्मको भए ०-२८ दिन लेखेको कोठामा ठीक चिन्ह लगाउनुहोस र शिशुको उमेर २९-५९ सम्मको भए २९-५९ लेखिएको कोठामा ठीक✓ चिन्ह  लगाउनुहोस ।
- संक्रमण भएको शिशुलाई तेश्रो दिनमा फलोअप गरेको भए संक्रमण भएको शिशुलाई तेश्रो दिन फलोअप लेखिएको कोठामा ठीक ✓ चिन्ह लगाउनुहोस
- शिशुको अवस्था सुधार भएको भए अन्तिम कोठाको पहिलो शिशुको फोटोमा अबस्था उस्तै भए दोस्रो फोटोमा र शिशु को मृत्यु भए तेश्रो फोटोमा गोलो लगाउनुहोस ।